बर्दिवास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित नगर सभामा उपस्थित भएको छु।

सर्वप्रथम, बर्दिवास नगरपालिकाको नेतृत्व तथा जनसेवाको जिम्मेवारी प्रदान गरी समृद्ध, सुशासित र विकासोन्मुख बर्दिवास निर्माणको अवसर दिनुहुने सम्पूर्ण नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाइ प्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु। साथै बर्दिवास नगरपालिकाको विकास, समृद्धि र सुशासनको यात्रामा निरन्तर सहयोग, समन्वय र रचनात्मक सुझाव प्रदान गर्दै आउनुभएका सम्पूर्ण नगर सभा सदस्यज्यूहरूलाइ धन्यवाद ब्यक्त गर्दछु।

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना, संरक्षण र सुदृढीकरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यस आन्दोलनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति सम्मान व्यक्त गर्दै उहाँहरूको योगदानको स्मरण गर्न चाहन्छु।

नेपालको राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, समावेशिता तथा सार्वभौमसत्ताको रक्षा र संस्थागत विकासका लागि विभिन्न कालखण्डमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

त्यसैगरी, बर्दिवासको समग्र विकासमा निरन्तर सहयोग गर्नु हुने राष्ट्रसेवक कर्मचारीहरू, सम्पुर्ण राजनितिक दलहरु, नागरिक समाज, संघ संस्था , सुरक्षा निकाय, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

बर्दिबास नगरपालिकाको आर्थिक विकास,सामाजिक विकास, वन तथा वातावरण, पूर्वाधार विकास, सुशासन लगायत सर्वाङ्गीण विकासको लागि निरन्तर मेहनत गरिरहेका छौं। हामिले कार्यभार सम्हालेको यस ४ (चार) वर्षको अन्तरालमा नागरिकमा झन आत्मविश्वास र आशा बढ्दै गएको महसुस भएको छ। अझ धेरै जिम्मेवार र उत्तरदायी हुन उत्प्रेरणा प्राप्त भएको छ।

नागरिकका आवश्यकता र अपेक्षाहरू असीमित छन् भने स्रोत र साधनहरू सीमित छन्। तथापि उपलब्ध स्रोत—साधनको अधिकतम उपयोग गर्दै नगरवासीका आवश्यकता, चाहना र आकाङ्क्षालाई सम्बोधन गरी दिगो शान्ति, शुसासन, समृद्धि र विकास निमार्णतर्फ इमानदारिता, प्रतिबद्धता र दृढ संकल्पका साथ निरन्तर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**आदरणीय यस गरिमामय सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ मा अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

स्वास्थ्य

१. बर्दिवास अस्पताल सुदृढिकरण आयोजना मार्फत नगर अस्पतालमा थप भौतिक संरचना निर्माण तथा सुधार, सेवाहरुको गुणस्तरिय विस्तार, आधुनिक प्रविधिहरुको उच्चतम प्रयोग तथा प्रभावकारी आन्तरिक व्यवस्थापन मार्फत हाल उपलब्ध गराउँदै आएको सेवालाई थप सहज, गुणस्तरीय र प्रविधिमैत्री बनाइनेछ।

२. सम्पुर्ण नागरिकहरुमा स्वास्थ्य सेवाको सहज पहुँच विस्तारको लागि सामुदायिक घरदैलो नर्स कार्यक्रम, स्वास्थ्य शिविर, जनचेतनामुलक कार्यक्रम र स्वास्थ्य संस्थाहरुको गुणस्तरीय सेवा विस्तारलाई जोड दिइनेछ।

३. बिगतका वर्षहरुझै यस वर्ष पनि नगरभित्रका आम जनतालाई निशुल्क रक्त सञ्चार सेवा, सर्पदंश सेवा, महिलाको प्रजनन रुग्णता सेवा, निःशुल्क शल्यक्रिया र निशूल्क आँखाको नियमित परीक्षण , मोतिबिन्दु शल्यक्रिया जस्ता सेवालाई निरन्तरता प्रदान गरिनेछ।

४. स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिए बापत नेपाल सरकारद्वारा प्रदान गरिदै आएको प्रसुति यातायात खर्च रकममा नगरबाट थप सहयोगलाई निरन्तरता दिईनेछ।

५. आर्थिक अभावकै कारण स्वास्थ्य सेवाबाट बन्चित हुनु नपरोस भनी विपन्न, दलित र गरिब परिवारको निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ।

६. सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि परिक्षण मार्फत स्वास्थ्य संस्थाहरुबाट हुदै आएको नियमित स्वास्थ्य जाँच, गाउँघर क्लिनिक, विपन्न टोल/बस्ती कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम,निशुल्क खोप सेवा तथा आमा समूह कार्यक्रमको प्रभावकारिता विश्लेषण गरी अझ बढी गुणस्तरीय र सहज बनाईनेछ।

शिक्षा,

१. सबै विद्यालय उमेरका बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्दै शतप्रतिशत भर्ना, नियमित उपस्थिती तथा विद्यालयमा टिकाइ राख्ने व्यवस्था गरिनेछ।

२. शिक्षकहरुको समय सापेक्ष क्षमता विकास, प्रविधिमैत्री शिक्षण सिकाइको प्रवर्द्धन, नियमित अनुगमन, अतिरिक्त क्रियाकलापहरुको विस्तार तथा विधार्थी मूल्याङ्कन प्रणालीमा सुधार मार्फत शैक्षिक गुणस्तर अभिवृद्धिलाइ उच्च प्राथमिकता दिईनेछ।

३. सामुदायिक विद्यालयहरूमा रहेका अधुरा भौतिक पूर्वाधार निर्माण कार्यहरूलाई आवश्यक स्रोत व्यवस्थापन गरी चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

४. सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार गर्न इ-हाजिरी, स्मार्ट बोर्ड, सिसिटिभी क्यामेरा तथा आवश्यक एप्लिकेशन सफ्टवेयरहरूको जडान, विकास र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइ चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

५. उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी तथा शिक्षा र खेलकुद क्षेत्रमा उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

६. जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई प्रदान गरिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ।

७. विद्यार्थीहरूको सिकाइ उपलब्धि सुनिश्चित गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सम्बन्धित नियामक निकायबीच नियमित समन्वय, छलफल र सहकार्यलाई सुदृढ गर्दै सबै पक्षलाई थप जिम्मेवार र उत्तरदायी बनाइनेछ।

८. विद्यार्थीहरूलाई अनुशासित, सिर्जनशील तथा प्रतिस्पर्धी बनाउन विद्यालय शिक्षालाई अतिरिक्त क्रियाकलाप र खेलकुदसँग आबद्ध गर्दै नगरस्तरीय प्रतियोगिता, स्पोर्ट्स विक (Sports Week) तथा शैक्षिक मेला सञ्चालन गरिनेछ।

९. बर्दिवास नगरपालिकाको वडा नं. १ र ३ मा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्दै व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाइनेछ।

१०. संस्थागत विद्यालयहरूको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउँदै सबै संस्थागत विद्यालयहरूलाई संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका,२०६९ अनुसार सञ्चालन गरिने व्यवस्था मिलाइनेछ।

११. संस्थागत विद्यालयहरूको शुल्क निर्धारण तथा छात्रवृत्ति वितरण प्रक्रियालाई कार्यविधिमा आधारित, पारदर्शी तथा न्यायोचित बनाइनेछ।

युवा तथा खेलकुद

१. बर्दिबास नगरपालिका वडा नं. २ मा रहेको रंगशाला स्तरोन्नति गरी आधुनिक तथा सुविधासम्पन्न रंगशालाको रूपमा विकास गर्न आवश्यक पहल तथा स्रोत व्यवस्थापन गरिनेछ। साथै उक्त वडामा क्रिकेट खेल मैदान निर्माणका लागि प्रारम्भिक प्रक्रिया अघि बढाइनेछ।

२. वडा नं.३ मा रहेको खुलामंन्च तथा खेलमैदानलाई सुविधा सम्पन्न खेल मैदानको रुपमा विकास गरिनेछ।

३. युवालाई खेलकुद सँग जोड्दै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलाडीहरुको उत्पादन गर्ने उदेश्यले नगर स्तरीय फुटबल, भलिबल, क्रिकेट, कराते, तेक्वान्दो लगायतका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरि खेलकुद विकास कार्यक्रमलाई सुदृढ गरिनेछ।

४. प्रत्येक वडामा न्यूनतम एक खेलमैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिँदै खेल पूर्वाधार विकास गरिनेछ।

५. नगरभित्र रहेका राष्ट्रिय स्तरका कलाकार, खेलाडी तथा युवा प्रतिभाहरूको पहिचान गरी प्रवर्द्धन, संरक्षण र सम्मान गरिनेछ।

**<u>महिला बालबालिका तथा समाजकल्याण</u>**

१. बर्दिवास नगरपालिका भित्र स्थायी वसोवास गर्ने मुसहर,डोम र चमार समुदायका छोरीहरुलाई २० वर्ष पुरा गरी विवाह गर्दा रु ५१ हजार नगद प्रोत्साहन स्वरुप प्रदान गरिनेछ।

२. महिलाहरूलाई घरभित्र मात्र सीमित हुन नदिन आयमूलक तथा सीपमूलक क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्दै महिला सशक्तिकरणमार्फत रोजगार र उद्यमशीलतासँग आबद्ध गरिनेछ।

३. श्रमिक,व्यवसायी तथा उद्यमी महिलाहरुको पहिचान गरी सम्मान गरिनेछ।

४. हिंसापीडित महिलाहरूको संरक्षणका लागि जिल्लाभित्रका अन्य स्थानीय तहहरूसँग समन्वय गरी सेफ हाउस स्थापना गर्न पहल गरिनेछ।

५. बालबालिकाको नेतृत्व क्षमता विकास गर्न विद्यालयका बाल क्लब तथा वडा र नगरस्तरीय बाल सञ्जालहरूलाई सामाजिक गतिविधिहरूमा सहभागी गराई सक्रिय बनाइनेछ।

६. बर्दिवास नगरपालिकालाई चालु आर्थिक वर्षभित्र बालविवाहमुक्त नगरपालिका घोषणा गर्दै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री नगरपालिका घोषणा गर्ने प्रक्रिया प्रारम्भ गरिनेछ।

७. जेष्ठ नागरिकहरूको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. जेष्ठ नागरिकहरूको सम्मान, आदर र सहजताका लागि नेपाल सरकारले उपलब्ध गराएका विशेष छुट तथा सेवा सुविधाहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिनेछ।

९. जेष्ठ नागरिकहरूको लागि जेष्ठ नागरिक पार्क तथा आरोग्य आश्रम स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१०. अपाङ्गता भएका व्यक्तिहरुका लागि आय-आर्जन कार्यक्रम तर्जुमा गरी आत्मनिर्भर बनाइनेछ।

११. अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन आवश्यक सहयोगी सामग्रीहरु उपलब्ध गराइनेछ।

१२. अपाङ्गगता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

## <u>सहकारी तर्फ</u>

१. सहकारी क्षेत्रलाइ उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न सहकारी संस्थाबाट संचालन हुने व्यवसायीक आयोजनालइ वित्तिय र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
२. सहकारी संस्थाहरु मार्फत वित्तिय साक्षरता, सहकारी शिक्षा र सीप मुलक तालिम कार्यक्रम संचालन गरिनेछ।
३. यस पालिकाभित्र लामो समयदेखी सञ्चालनमा नरहेका सहकारी संस्थाहरुलाइ निष्कृय सहकारी घोषणा गरिनेछ।
४. सहकारी संस्थाहरुमा सहकारी मूल्य,मान्यता र सिद्धान्तहरुको संस्कार विकास गरी संस्थागत शुसासन कायम गरिनेछ।

## <u>कृषि तथा पशुपन्छीतर्फ</u>

१. कृषि उत्पादन वृद्धी गर्न निम्न पाँच बिषयलाइ उच्च प्राथमिकता दिईनेछ।
    - सिँचाइको उपलब्धता,
    - मलको न्यायोचित वितरण,
    - गुणस्तरीय बीउको सुनिश्चितता,
    - कृषि सडक,
    - कृषि विद्युतीकरण,

२. माटो परीक्षणलाई सरल र सबैको पहुँचयोग्य बनाउन नगरपालिकाको कृषि शाखामा आधुनिक प्रविधियुक्त माटो परिक्षण प्रयोगशाला स्थापना गरि सन्चालन गरिनेछ।
३. कृषकहरूको उत्पादन लागत न्यूनीकरण गर्न कृषि यन्त्रउपकरण, खाद्यान्न तथा तरकारीका बीउबिजनमा अनुदान उपलब्ध गराउँदै क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. विगतमा नेपाल सरकारको लगानि भएको किसान बहुमुखी सहकारी संस्थाको सम्पत्ति संरक्षण गर्दै कृषि कार्यमा परिचालन गर्न यस संस्था मार्फत दुग्ध उत्पादन तथा बेसार खेती प्रवर्धन कार्यक्रम सन्चालन गरिनेछ।
५. ग्रामीण महिलाहरूको जीविकोपार्जन र आर्थिक उत्थानका लागि कृषक समूह निर्माण कार्यक्रमलाई निरन्तरता दिँदै गठन भएका समूहहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ। साथै चालु आर्थिक वर्षमा कम्तीमा १५ वटा नयाँ कृषक समूह गठन गरी समूह तथा सहकारीमा आधारित विशेष कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

६. मोडेल एग्रोभिलेजभित्र रहेको अधुरो शीत भण्डारलाई प्रदेश सरकारसँग समन्वय गरी आवश्यक व्यवस्थापन तथा स्रोत सुनिश्चित गर्दै चालु आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइनेछ।
७. बर्दिवास नगरपालिकाको पकेट सञ्चालन कार्यविधि,२०८२ अनुसार वडाहरुलाई कृषि पकेट क्षेत्र घोषणा गरी पकेट क्षेत्र विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
८. बर्दिबास हाटबजारलाई आधुनिक तथा व्यवस्थित बनाइनेछ। साथै नगरभित्र सञ्चालनमा रहेका हाटबजारहरूलाई आवश्यक कानुनी व्यवस्था गरी व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।
९. दुग्ध उत्पादन क्षेत्रको प्रवर्द्धनका लागि नगरस्तरीय कोष स्थापना गरी समयमै दूधको मूल्य भुक्तानी हुने व्यवस्था मिलाइनेछ। साथै उत्पादनका आधारमा दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।
१०. किसानहरूको पशुधनको संरक्षण तथा उत्पादकत्व अभिवृद्धिका लागि अभिमुखीकरण, नियमित खोप, पशु स्वास्थ्य परीक्षण, औषधि वितरण तथा प्राविधिक सेवासहितका एकीकृत पशु स्वास्थ्य शिविर कार्यक्रमहरू सञ्चालन गरिनेछ।
११. बाख्रापालन व्यवसायलाई व्यावसायिक तथा उत्पादनमुखी बनाउन आवश्यक स्थानहरूमा बाख्रा स्रोत केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।
१२. पशुसेवामा सहज पहुँच सुनिश्चित गर्न बाँकी रहेका वडा नं३ ., ४, ६, ८, ९, १० र १२ मा पशुसेवा केन्द्र विस्तार गरी वडा स्तरबाटै प्रभावकारी पशु स्वास्थ्य तथा प्राविधिक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

<u>सडक तथा यातायात</u>

१. बर्दिवास नगरभरीका सबै इन्जिनियरिङ्ग व्यवसायीहरुलाइ एकै ठाउबाट सञ्चालन गर्ने गरी अटो भिलेज निमार्ण गरी सञ्चालन गरिनेछ।
२. बस पार्क निर्माणको लागि जग्गा प्रासिको काम सम्पन्न गरी चालु आर्थिक वर्ष भित्र निर्माण प्रकृयाको सुरुवात गरिनेछ।
३. नगर सुरक्षा र सौन्दर्यकरणको लागि नगरभित्रका मुख्य मुख्य सडकहरुमा सडक बत्ति र CCTV क्यामाराहरु जडान गरिनेछ।
४. मुख्य राजमार्गदेखी ग्रामिण बस्तिहरु जोडने सडक निर्माण र दुइ वडा जोढने सडक निर्माण कार्य चालु आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ।
५. नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निर्माणाधीन प्रशासकीय भवन चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।
६. नगरको मुख्य सडकहरु कालोपत्रे गर्ने सहायक र शाखा मार्गहरू ढलान ग्राभेल गर्दै स्तरोन्नति गरिने कार्यलाई निरन्तरता दिइनेछ।
७. सडकको दुवैतर्फ वृक्षरोपण गरी हरियाली प्रवर्धन गरिनेछ।

विद्युत, सिँचाइ, खानेपानी तथा भूमि

१. चालु आ.व. मै बर्दिवास नगरभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुलाई भोगाधिकारको निस्सा उपलब्ध गराइनेछ।
२. सम्पूर्ण नगरवासीको स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानीमा पहुँच सुनिश्चित गर्दै एक घर—एक धाराको नीतिलाई निरन्तरता दिइनेछ।
३. खानेपानी तथा सरसफाइ क्षेत्रको तथ्याङ्क व्यवस्थापन र गुणस्तर सुनिश्चितताका लागि "एन वास" Plan लाई अध्यावधिक गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
४. खानेपानी तथा सिँचाइ सुविधाको दिगो व्यवस्थापनका लागि राजमार्ग उत्तरतर्फ रहेका खानेपानीका मुहानहरूको संरक्षण गरिनेछ तथा राजमार्ग दक्षिण क्षेत्रमा सामूहिक बोरिङ्ग निर्माण तथा सञ्चालनलाई निरन्तरता दिइनेछ।
५. विद्युत महशुलको लागत न्यूनीकरण, ट्रान्सफर्मर चोरी नियन्त्रण तथा नियमित विद्युत आपूर्तिको समस्या समाधानका लागि सौर्य ऊर्जामा आधारित डिप बोरिङ्ग निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।
६. बोरिङ्ग सञ्चालन तथा व्यवस्थापनलाई सामूहिक, दिगो र प्रभावकारी बनाउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था मिलाइनेछ।
७. नगरका सबै भागमा विद्युत सेवा सहज र सुलभ रूपमा आपूर्ति गर्न नेपाल विद्युत प्राधिकरणसँग नगरको साझेदारी प्रकृयालाई निरन्तरता दिईनेछ।

वातावरण, सरसफाई तथा विपद व्यवस्थापन तर्फ

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बर्दिबास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय विपद् व्यवस्थापन कोष स्थापना तथा सञ्चालन कार्यविधि र स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ।
२. आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना, विपद् प्रतिकार्य पूर्वअभ्यास कार्यक्रम सञ्चालन तथा विपद् जोखिम र क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीको विकास र सुदृढीकरण गरिनेछ।
३. जोखिमयुक्त बस्तीहरूको पहिचान गरी विपद् उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन, जनशक्ति र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
४. नगरको मध्य तथा सिमाना क्षेत्र हुँदै बग्ने बाँके, भब्सी, गढन्ता, रातु, जंघा तथा बडहरी खोला लगायतका खोलाहरूबाट वर्षायाममा हुने भूक्षय तथा सम्भावित जनधनको क्षति न्यूनीकरण गर्न तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ।
५. चुरे क्षेत्रको संरक्षणमा संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।
६. नगरभरिको पोखरीहरुको विवरण संकलन गरी पोखरी सौन्दर्यीकरण गरिनेछ।

७. छिमेकी स्थानीय तहहरूसँगको सहकार्यमा सार्वजनिक-निजी साझेदारी -PPP मोडेलमार्फत नगरभित्रको फोहोरमैला व्यवस्थापन परियोजना सञ्चालन गरिनेछ।

८. फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने प्रणालीलाई प्रवर्द्धन गर्दै फोहोरबाट पुनःप्रयोग योग्य सामग्री उत्पादन गर्ने गरी समुदायस्तरमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

९. सार्वजनिक स्थल, बजार क्षेत्र तथा बढी भिडभाड हुने सडकहरूलाई सफा राख्नु सबैको साझा दायित्व हो भन्ने चेतना अभिवृद्धि गर्दै नागरिक समाज, विद्यार्थी, राजनीतिक दल, विभिन्न संघ—संस्था, बुद्धिजीवी तथा अन्य सरोकारवालाहरूको सहभागितामा नियमित सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।

<u>कला, संस्कृतिको संरक्षण एवं पर्यटन प्रर्वद्धन</u>

१. नगरभित्रका भजन—कीर्तन तथा महिला समूहहरूलाई कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक मादल, हार्मोनियम, बाजा लगायतका सांगीतिक सामग्री हस्तान्तरण गरिनेछ तथा ती सामग्रीको उपयोगका लागि तालिम प्रदान गरिनेछ।

२. नगर भित्र मनाइने चाडपर्वहरूको पहिचान तथा अभिलेखीकरण गरिनेछ। विशेषगरी महिलाहरूले मनाउने पर्वहरूको संरक्षण, प्रवर्द्धन र निरन्तरताका लागि आवश्यक सामग्री सहयोग उपलब्ध गराइनेछ।

३. नगरभित्रका सम्पूर्ण पर्यटकीय स्थलहरुको पहिचान गरि बर्दिवास नगरको पर्यटकीय गुरुयोजना तयार गरिनेछ।

४. प्राग ऐतिहासिक क्षेत्र रातु राईमण्डल सभ्यताको संरक्षण र प्रवर्द्धन गरिनेछ।

५. यस नगरको मुख्य धार्मिक स्थलहरु टुटेश्वर महादेव स्थान, पञ्चधुरा माईस्थान लगायतका पवित्र आस्था स्थलहरुको सौन्दर्यीकरणको कार्यलाई निरन्तरता दिइनेछ।

६. सामुदायिक मनोरन्जन र स्वास्थ्य प्रवर्द्धनको लागि नगरका प्रत्येक वडामा न्यूनतम एक- एक वटा पार्क स्थापना गर्ने कार्यको थालनी गरिनेछ।

<u>लागू औषध नियन्त्रण र संरक्षण तर्फ</u>

१. लागूऔषध दुर्व्यसन नियन्त्रण, रोकथाम तथा न्यूनीकरणका लागि बृहत् कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. लागूऔषध दुर्व्यसन नियन्त्रण, रोकथाम तथा न्यूनीकरणका लागि विद्यालय, समुदाय,रेडक्रस सोसाइटी, राजनितिक दल, बर्दिवास उद्योग वाणिज्य संघ, गैर सरकारी संस्था, स्थानीय क्लब तथा सामाजिक संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. लागूऔषध दुर्व्यसन हुन सक्ने सम्भावित स्थानहरूको पहिचान गरी सुरक्षा निकायसँगको सहकार्यमा नियमित निगरानी गरिनेछ। साथै लागूऔषधको प्रयोग, ओसारपसार तथा बिक्री—वितरण नियन्त्रणका लागि सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

<u>सुशासन तर्फ</u>

१. सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाउन आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. LGPAS मूल्याङ्कनबाट देखिएको सबल तथा सुधार गर्नुपर्ने पक्षहरूको आधारमा संस्थागत सुदृढीकरण कार्ययोजना कार्यान्वयन गर्दै संस्थागत सुधारलाई निरन्तरता दिइनेछ।

३. सार्वजनकि सुनुवाइ,सामाजिक परिक्षण,नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासन प्रवर्द्धनका औजारहरुको प्रयोगलाइ ब्यापक बनाइनेछ।

४. नागरिकलाई सहज, छिटोछरितो र गुणस्तरीय सेवा उपलब्ध गराउन प्रविधिमा आधारित एकद्वार सेवा प्रवाह प्रणालीको सुरुवात गरिनेछ।

५. नगरपालिकाका गतिविधिलाई पारदर्शी, सूचना प्रवाहलाई प्रभावकारी तथा नागरिकको पहुँचमैत्री बनाउन वेबसाइट अध्यावधिक, सामाजिक सञ्जाल तथा बल्क एसएमएस सेवाको प्रयोगलाई सुदृढ गरिनेछ। साथै नगरपालिकाले आफ्नै फाइवर विस्तार कार्यलाइ निरन्तरता दिई सबै वडा कार्यालय,स्वास्थ्य संस्था तथा बिधालयहरुलाइ एउटै नेटवर्कमा जोडी Real Time Monitoring गर्ने प्रणाली संस्थागत गरिनेछ।

६. कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्ययोजना तर्जुमा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७. गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्दै सञ्चालन गरिएका कार्यक्रमहरूको नियमित अनुगमन तथा प्रगति समीक्षा गरिनेछ।

८. न्याय सम्पादनलाई प्रभावकारी, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, व्यवस्थित इजलास निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको विकास गरिनेछ।

९. नगर प्रहरी परिचालनलाई प्रभावकारी बनाउँदै सुरक्षा व्यवस्था, बजार अनुगमन तथा व्यवस्थापन, फोहोरमैला व्यवस्थापन र सार्वजनिक सेवामा आवश्यक सहजीकरण गरिनेछ।

१०. बर्दिबास नगरपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन राजस्वका नयाँ स्रोतहरूको पहिचान, राजस्वको दायरा विस्तार तथा राजस्व प्रशासनलाई सुदृढ गरिनेछ।

११. करदाता शिक्षा, राजस्व शिविर सञ्चालन, बजार अनुगमन तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

१२. लेखा समितिलाई प्रभावकारी रूपमा सक्रिय बनाउँदै बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकताका साथ अघि बढाइनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण नगरवासीहरूको सहकार्य, समन्वय, सुझाव र सहयोगलाई आत्मसात् गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। यसबाट नगरको समग्र, दिगो र समावेशी विकासमा मार्गदर्शन प्राप्त हुने तथा नगरवासीहरूले अपेक्षित लाभ हासिल गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद।**